# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं, साउन ३२ गते, २०७२ साल (संख्या १४

## भाग ३

### नेपाल सरकार

### उद्योग मन्त्रालयको सूचना

### नेपाल व्यवसाय मञ्च (पहिलो संशोधन) (गठन) आदेश, २०७२

नेपाल व्यवसाय मञ्च (गठन) आदेश, २०६७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "नेपाल व्यवसाय मञ्च (पहिलो संशोधन) (गठन) आदेश, २०७२" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल व्यवसाय मञ्च (गठन) आदेश, २०६७ को दफा २ मा संशोधनः** नेपाल व्यवसाय मञ्च (गठन) आदेश, २०६७ (यसपछि "मूल गठन आदेश" भनिएको) को दफा २ को उपदफा (४) को खण्ड (घ) पछि देहायका खण्ड (घ१) र (घ२) थपिएका छन्:-

"(घ१) क्षेत्रीय व्यवसाय मञ्च,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ२) स्थायी व्यवस्थापन समिति"

३. **मूल गठन आदेशमा दफा ७क. र ७ख. थप:** मूल गठन आदेशको दफा ७ पछि देहायका दफा ७क. र ७ख. थपिएका छन्:-

"७क. **स्थायी व्यवस्थापन समिति:** (१) उद्योग मन्त्रालयका सचिवको संयोजकत्वमा अर्थ मन्त्रालयका सहसचिव, उद्योग मन्त्रालयका सहसचिव, नेपाल व्यवसाय मञ्चको कोषमा योगदान गर्ने निजी क्षेत्रका छाता संगठनका एक-एक जना प्रतिनिधिहरु, मञ्चको कोषमा योगदान गर्ने अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरु मध्येबाट बढीमा दुई जना प्रतिनिधिहरु सदस्य र सचिवालयका संयोजक सदस्य-सचिव रहने एक स्थायी व्यवस्थापन समिति रहनेछ ।

(२) स्थायी व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) स्थायी व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

७ख. **स्थायी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:** स्थायी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) नेपाल व्यवसाय मञ्चको सचिवालयको वार्षिक योजना, कार्यक्रम र बजेट तर्जुमा गरी सञ्चालक समिति समक्ष पेश गर्ने,

(ख) सञ्चालक समितिबाट स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने,

(ग) सचिवालय सञ्चालनका लागि आवश्यक कर्मचारीहरुको व्यवस्था गर्ने,

(घ) उच्चस्तरीय व्यवसाय मञ्च, सञ्चालक समिति र निजी क्षेत्र विकास समितिको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।"

४. **मूल गठन आदेशको दफा ८ मा संशोधन:** मूल गठन आदेशको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

दफा ८ को उपदफा (८) को,-

(१) खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) को सट्टा देहायका खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) राखिएका छन्:-

"(क) **औद्योगिक लगानी प्रवर्द्धन कार्य–सम्पादन समूह:** सह–अध्यक्षहरुमा सचिव, उद्योग मन्त्रालय र अध्यक्ष, नेपाल उद्योग परिसंघ तथा सदस्यहरुमा अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट एक-एक जना सहसचिवहरु रहनेछन् ।

(ख) **निकासी प्रवर्द्धन तथा व्यापार सहजीकरण कार्य–सम्पादन समूह:** सह–अध्यक्षहरुमा सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श तथा सदस्यहरुमा अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, कृषि विकास मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट एक-एक जना सहसचिवहरु रहनेछन् ।

(ग) **पूर्वाधार संरचना कार्य–सम्पादन समूह:** सह–अध्यक्षहरुमा सचिव, ऊर्जा मन्त्रालय र अध्यक्ष, इन्डिपेन्डेण्ट पावर प्रोड्युसर्स एशोसियसन नेपाल तथा सदस्यहरुमा उद्योग मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा भू–संरक्षण मन्त्रालय, सिँचाई मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालयबाट एक-एक जना सहसचिवहरु रहनेछन् ।

(घ) **वित्तीय, बीमा तथा मौद्रिक विषय कार्य–सम्पादन समूह:** सह–अध्यक्षहरुमा डेपुटी गर्भनर (बैकिङ्ग हेर्ने), नेपाल राष्ट्र बैंक र अध्यक्ष, नेपाल बैंकर्स एशोसियसन तथा सदस्यहरुमा प्रतिनिधि, बीमा समिति, अर्थ मन्त्रालय, उद्योग मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट एक-एक जना सहसचिवहरु रहनेछन् ।



८२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ङ) **महिला उद्यमी विकास कार्य–सम्पादन समूह:** सह( अध्यक्षहरुमा सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र अध्यक्ष, नेपाल महिला उद्यमी महासंघ तथा सदस्यहरुमा उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट एक-एक जना सहसचिवहरु रहनेछन् ।

(च) **व्यवसायिक वातावरण, श्रम सम्बन्ध तथा औद्योगिक सुरक्षा कार्य–सम्पादन समूह:** सह–अध्यक्षहरुमा सचिव, अर्थ मन्त्रालय र अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ तथा सदस्यहरुमा उद्योग मन्त्रालय, गृह मन्त्रालय र श्रम तथा रोजगार मन्त्रालयबाट एक-एक जना सहसचिवहरु रहनेछन् ।"

(२) खण्ड (च) पछि देहायका खण्ड (छ), (ज), (झ) र (ञ) थपिएका छन्:-

"(छ) **विदेशी लगानी कार्यसम्पादन समूह:** सह-अध्यक्षहरुमा सचिव, उद्योग मन्त्रालय र प्रमुख कार्यकारी अधिकृत, लगानी बोर्ड तथा सदस्यहरुमा अध्यक्ष नेपाल उद्योग परिसंघ, अध्यक्ष नेपाल उद्योग वाणिज्य महासंघ, अध्यक्ष नेपाल चेम्बर अफ कमर्श, प्रतिनिधि स्वतन्त्र उर्जा उत्पादक संघ र अर्थ मन्त्रालय र उद्योग मन्त्रालयका एक-एक जना सहसचिवहरु रहनेछन् ।

(ज) **पर्यटन कार्य सम्पादन समूह:** सह-अध्यक्षहरुमा सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अध्यक्ष नेपाल उद्योग वाणिज्य महासंघ तथा सदस्यहरुमा अध्यक्ष होटल एशोसियसन नेपाल, प्रमुख कार्यकारी अधिकृत ट्रेकिङ्ग एजेन्सी एशोसियसन अफ नेपाल, निर्देशक नेपाल पर्यटन बोर्ड र अर्थ मन्त्रालय, उद्योग मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयका एक-एक जना सहसचिवहरु



८८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रहनेछन् ।

(झ) **कृषि कार्य सम्पादन समूहः** सह-अध्यक्षहरुमा सचिव, कृषि विकास मन्त्रालय र प्रमुख, कृषि उद्यम केन्द्र तथा सदस्यहरुमा प्रतिनिधि, नेपाल उद्योग परिसंघ (कृषि हेर्ने), प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्श (कृषि हेर्ने), प्रमुख, नेपाल कृषि अनुसन्धान परिषद्, अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका एक-एक जना सहसचिवहरु रहनेछन् ।

(ञ) **शिक्षा कार्य सम्पादन समूहः** सह-अध्यक्षहरुमा सचिव, शिक्षा मन्त्रालय र डिन (शिक्षा विभाग हेर्ने) काठमाडौं विश्वविद्यालय तथा सदस्यहरुमा अध्यक्ष, उच्च माध्यमिक विद्यालय संघ नेपाल, डिन (शिक्षा विभाग हेर्ने), त्रिभुवन विश्वविद्यालय, महानिर्देशक, शिक्षा विभाग र अर्थ मन्त्रालय र उद्योग मन्त्रालयका एक-एक जना सहसचिवहरु रहनेछन् ।"

५. **मूल गठन आदेशमा दफा ८क थपः** मूल गठन आदेशको दफा ८ पछि देहायको दफा ८क. थपिएको छः-

"८क. **क्षेत्रीय व्यवसाय मञ्च सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक विकास क्षेत्रमा एक क्षेत्रीय व्यवसाय मञ्च रहनेछ ।

(२) क्षेत्रीय प्रशासक क्षेत्रीय व्यवसाय मञ्चको अध्यक्ष हुनेछ ।

(३) क्षेत्रीय व्यवसाय मञ्चको बैठक कम्तीमा वर्षको दुई पटक बस्नेछ ।

(४) क्षेत्रीय व्यवसाय मञ्चमा नेपाल सरकारका क्षेत्रीय कार्यालयका प्रमुखहरु, व्यवसायिक संस्थाको क्षेत्रीय छाता संगठनका अध्यक्षहरु, निजी क्षेत्रका व्यवसायीका प्रतिनिधि र आमन्त्रित प्रतिनिधिहरु रहनेछन् ।

(५) क्षेत्रीय व्यवसाय मञ्चको गठन अनुसूची-३ बमोजिम हुनेछ ।

(६) क्षेत्रीय व्यवसाय मञ्चको काम, कर्तव्य र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

अधिकार देहाय बमोजिम हुनेछ:-

(क) क्षेत्रीय स्तरमा औद्योगिक तथा व्यवसायिक लगानीका लागि सबल र सहयोगी वातावरण निर्माणका लागि समन्वय र सामञ्जस्य कायम गर्ने,

(ख) क्षेत्रीय विकासका लागि क्षेत्रगत नीति तथा सैद्धान्तिक विषयमा गर्नुपर्ने सुधारका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने,

(ग) उच्चस्तरीय व्यवसाय मञ्च र सञ्चालक समितिको निर्णय कार्यान्वयनमा सहयोग पुऱ्याउने।"

६. **<u>मूल गठन आदेशको दफा ९ मा संशोधन:</u>** मूल गठन आदेशको दफा ९ को उपदफा (३) झिकिएको छ।

७. **<u>मूल गठन आदेशमा दफा ९क थप:</u>** मूल गठन आदेशको दफा ९ पछि देहायको दफा ९क थपिएको छ:-

"९क. **<u>संयोजक:</u>** (१) सचिवालयको दैनिक प्रशासन सञ्चालन गर्न सचिवालय प्रमुखका रुपमा एक संयोजक रहनेछ।

(२) नेपाल सरकार, उद्योग मन्त्रालयले छनौट समितिको सिफारिसमा संयोजकको नियुक्ति गर्नेछ।

(३) संयोजक सचिवालयमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजको पारिश्रमिक र अन्य सुविधा नेपाल व्यवसाय मञ्च कार्य सञ्चालन सम्बन्धी निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

(४) देहायको योग्यता पुगेको नेपाली नागरिक संयोजकमा नियुक्त हुन सक्नेछ:-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, प्रशासन, व्यवस्थापन, वाणिज्य वा कानुन विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त भई दातृ निकायसँग समन्वय र सहकार्य गर्न सक्ने क्षमता भएको,

(ख) पैंतीस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको।

(५) संयोजकको नियुक्तिका लागि देहाय बमोजिमको छनौट समिति रहनेछ:-

(क) सचिव, उद्योग मन्त्रालय - संयोजक

(ख) उद्योग मन्त्रालयले तोकेको निजी क्षेत्रको एक जना महिला सहित दुई जना प्रतिनिधि - सदस्य

(ग) सहसचिव औद्योगिक प्रवर्द्धन महाशाखा, उद्योग मन्त्रालय - सदस्य

(६) संयोजकको छनौट सम्बन्धी कार्यविधि नेपाल व्यवसाय मञ्च कार्य सञ्चालन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

(७) संयोजकको पदावधि चार वर्षको हुनेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि संयोजकले आफ्नो पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेमा वा निजको काम सन्तोषजनक नभएमा उपदफा (५) बमोजिमको छनौट समितिको सिफारिसका आधारमा निजलाई जुनसुकै बखत संयोजकको पदबाट हटाउन सकिनेछ।

तर त्यसरी संयोजकको पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मुनासिब मौकाबाट वञ्चित गरिने छैन।"

८. <u>मूल गठन आदेशको अनुसूचीमा संशोधन:</u> मूल गठन आदेशको अनुसूची-१ र २ को सट्टा यसैसाथ संलग्न अनुसूची-१,२ र ३ राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(दफा ३ को उपदफा (८) सँग सम्बन्धित)

## उच्चस्तरीय व्यवसाय मञ्च

| | |
|---|---|
| प्रधानमन्त्री | अध्यक्ष |
| अर्थ मन्त्री | सदस्य |
| उद्योग मन्त्री | सदस्य |
| ऊर्जा मन्त्री | सदस्य |
| कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्री | सदस्य |
| कृषि विकास मन्त्री | सदस्य |
| गृह मन्त्री | सदस्य |
| परराष्ट्र मन्त्री | सदस्य |
| भौतिक पूर्वाधार तथा यातायात मन्त्री | सदस्य |
| महिला, बालबालिका तथा समाज कल्याण मन्त्री | सदस्य |
| वाणिज्य तथा आपूर्ति मन्त्री | सदस्य |
| श्रम तथा रोजगार मन्त्री | सदस्य |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री | सदस्य |
| सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री | सदस्य |
| सहकारी तथा गरिबी निवारण मन्त्री | सदस्य |
| सूचना तथा संचार मन्त्री | सदस्य |
| उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | सदस्य |
| मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| सदस्यहरु, राष्ट्रिय योजना आयोग | सदस्य |
| गभर्नर, नेपाल राष्ट्र बैंक | सदस्य |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक पूर्वाधार हेर्ने) | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, ऊर्जा मन्त्रालय | सदस्य |
| सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| सचिव, कृषि विकास मन्त्रालय | सदस्य |
| सचिव, गृह मन्त्रालय | सदस्य |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| | |
|---|---|
| सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |
| सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य |
| सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| सचिव, श्रम तथा रोजगार मन्त्रालय | सदस्य |
| सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| सचिव, सूचना तथा सञ्चार मन्त्रालय | सदस्य |
| सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| अध्यक्ष, नेपाल धितोपत्र बोर्ड | सदस्य |
| अध्यक्ष, बीमा समिति | सदस्य |
| अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | सदस्य |
| महानिर्देशक, नेपाल नागरिक उड्डयन प्राधिकरण | सदस्य |

**प्राज्ञिक निकाय**

| | |
|---|---|
| उपकुलपति, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| उपकुलपति, काठमाडौं विश्वविद्यालय | सदस्य |

**निजी क्षेत्र**

| | |
|---|---|
| अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग परिसंघ | सदस्य |
| अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ | सदस्य |
| अध्यक्ष, नेपाल महिला उद्यमी महासंघ | सदस्य |
| अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श | सदस्य |
| अध्यक्ष, नेपाल बैंकर्स एशोसिएसन | सदस्य |
| अध्यक्ष, नेपाल विजनेश इनिशिएटिभ | सदस्य |
| अध्यक्ष, नेपाल व्यवस्थापन संघ | सदस्य |
| अध्यक्ष, होटल संघ नेपाल | सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| अध्यक्ष, इन्डिपेन्डेन्ट पावर प्रोडुसर्स एशोसिएसन, नेपाल | सदस्य |
| अध्यक्ष, नेपाल निर्माण व्यवसायी महासंघ | सदस्य |
| अध्यक्ष, नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघ | सदस्य |
| **पेशागत संघ संस्था** | |
| अध्यक्ष, नेपाल बार एशोसिएसन | सदस्य |
| सभापति, गैर आवासिय नेपाली संघ | सदस्य |
| सभापति, आर्थिक पत्रकार समाज नेपाल | सदस्य |
| प्रतिनिधि नेशनल कन्जुमर्स एशोसिएसन | सदस्य |
| प्रतिनिधि, राष्ट्रिय मान्यता प्राप्त ट्रेड युनियनका अध्यक्षहरु | सदस्य |
| अध्यक्ष, नेपाल आर्थिक संघ | सदस्य |
| व्यवसायिक संगठनहरु एवं पेशाकर्मीहरु मध्येबाट निजी क्षेत्रले मनोनित गर्ने अठार जना प्रतिनिधिहरु | सदस्य |
| सचिव, उद्योग मन्त्रालय | सदस्य-सचिव |



४६६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**निजी क्षेत्र विकास समिति**

| | |
|---|---|
| मुख्य सचिव, नेपाल सरकार | अध्यक्ष |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक पूर्वाधार हेर्ने) | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, उद्योग मन्त्रालय | सदस्य |
| सचिव, ऊर्जा मन्त्रालय | सदस्य |
| सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |
| सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| सचिव, श्रम तथा रोजगार मन्त्रालय | सदस्य |
| सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| कार्य सम्पादन समूहका निजी क्षेत्रका सह-अध्यक्षहरु | सदस्य |
| सहसचिव, औद्योगिक प्रवर्द्धन महाशाखा, उद्योग मन्त्रालय | सदस्य-सचिव |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

अनुसूची–३

(दफा ८क. को उपदफा (५) सँग सम्बन्धित)

**क्षेत्रीय व्यवसाय मञ्च**

| | |
|---|---|
| सम्बन्धित विकास क्षेत्रको क्षेत्रीय प्रशासक | अध्यक्ष |
| क्षेत्रीय उद्योग वाणिज्य संघको अध्यक्ष | उपाध्यक्ष |
| सम्बन्धित क्षेत्रभित्रका उद्योग वाणिज्य संघ, परिसंघ, वस्तुगत संघका अध्यक्षहरु | सदस्य |
| क्षेत्रीय प्रशासन कार्यालय रहेको जिल्लास्थित घरेलु तथा साना उद्योग विभाग वा घरेलु तथा साना उद्योग विकास समितिको ज़िल्लास्थित कार्यालयका कार्यालय प्रमुख | सदस्य-सचिव |

**आज्ञाले,**

**जयमुकुन्द खनाल**

**नेपाल सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।